स्थानीय राजपत्र

शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल माघ २ गते (संख्याः ३

भाग – १

शिवपुरी गाउँ सभाले तल लेखिए बमोजिमको ऐन बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०८१

स्वीकृत मितिः २०८१/०९/२९

प्रस्तावनाः स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाँउपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्थापनमा स्पष्ट कानुनी ब्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, “नेपालको संविधान, २०७२ को धारा २२१ र २२६ अनुसार सोही संविधानको अनुसूची-८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न” तथा “स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम शिवपुरी गाँउपालिकाले यो ऐन तर्जुमा गरेको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई **"स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०८१"** भनिने छ ।

(ख) यो ऐन गाँउ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले शिवपुरी गाँउपालिकाको **"स्वास्थ्य तथा सरसफाई ऐन, २०८१"** लाई सम्झनु पर्छ ।

(ख) **"संघीय ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) **"प्रदेश ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी वाग्मती प्रदेश सभाले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले शिवपुरी गाँउ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) **"सभा"** भन्नाले शिवपुरी गाउँ सभालाई सम्झनु पर्दछ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शिवपुरी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) **"स्वास्थ्य शाखा"** भन्नाले शिवपुरी गाँउपालिकामा रहेको स्वास्थ्य तथा सरसफाई हेर्ने विभाग वा शाखालाई सम्झनु पर्दछ ।

(ज) **"सरकारी वा सामुदायिक"** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(झ) **"निजी"** भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(ञ) **"ट्रष्ट वा लोककल्याणकारी"** भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ट) **"व्यवस्थापन समिति"** भन्नाले दफा ६ को उपदफा (१) बमोजिम बनेका समितिलाई सम्झनु पर्दछ ।

(ठ) **"सदस्य"** भन्नाले यस ऐनले व्यवस्था गरे अन्तर्गत बन्ने बिभिन्न समितिमा रहने पदाधिकारीहरु सम्झनु पर्दछ।

(ड) **"अनुगमन समिति"** भन्नाले दफा ५ को उपदफा (१) बमोजिम बनेको समितिलाई सम्झनु पर्दछ ।

(ढ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइलाई सम्झनु पर्दछ ।

(ण) **"महिला स्वास्थ्य स्वयं सेविका"** भन्नाले स्वास्थ्य संस्था अन्तर्गत रही स्वयं सेवकको रुपमा स्वास्थ्य सम्बन्धि क्षेत्रमा कामकाज गर्ने सम्झनु पर्दछ ।

(त) **"प्रचलित कानुन"** भन्नाले प्रचलित कानुन र नियमलाई सम्झनुपर्दछ ।

(थ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम संम्झनु पर्दछ ।

(द) **"अनुमति"** भन्नाले दफा ९ को व्यवस्थालाई सम्झनु पर्दछ ।

(ध) **"फार्मेसी"** सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने निजि फार्मेसीलाई सम्झनु पर्दछ ।

(न) **"सहुलियत र छुट"** भन्नाले दफा १५ मा उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

(प) **"करार सम्झैता"** भन्नाले यस ऐनको दफा २३ को करार सम्झैता व्यवस्थालाई सम्झनु पर्दछ ।

(फ) **"खरिद तथा भण्डारण"** भन्नाले यस ऐनको दफा २५ र दफा २७ को औषधी तथा स्वास्थ्य उपकरण सम्बन्धी व्यवस्थालाई सम्झनु पर्दछ ।

(ब) **"महामारी"** भन्नाले यस ऐनको दफा ३३ को उल्लेखित कुराहरुलाई सम्झनु पर्दछ ।

(भ) **"मापदण्ड"** भन्नाले यस ऐनमा उल्लेखित मापदण्डहरुलाई सम्झनु पर्दछ ।

(म) **"सजाय"** भन्नाले यस ऐनको दफा १४ र २४ को ब्यवस्थालाई सम्झनु पर्दछ ।

(य) **"अभ्यासकर्ता"** भन्नाले यस ऐनको दफा १८ को उपदफा (३) मा उल्लेखित कुराहरुलाई सम्झनु पर्दछ ।

परिच्छेदः २

आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ, आयूर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछन् ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय र प्रदेश सरकारले निर्धारण गरे वमोजिम हुने छ ।

५. **स्वास्थ्य तथा सरसफाई व्यवस्थापन, अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) स्थानीय गाँउपालिकाभित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छ ।

(क) गाँउपालिका प्रमुख - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सह संयोजक

(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरुमध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) गाँउपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(छ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२) मनोनित सदस्यको कार्यकाल ५ बर्षको हुनेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई ब्यवस्थापन, अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफनो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा प्रदायक संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य सेवा प्रदायक संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाँउकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(ञ) स्वास्थ्य संस्थाबाट निस्कने फोहोर बस्तुहरुको ब्यवस्थापन गर्न लगाउने र अनुगमन गर्ने ।

६. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, ग्रामीण सामुदायिक स्वास्थ्य इकाइ (स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति) ब्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छ ।

(क) गाँउपालिका प्रमुख - संरक्षक

(ख) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष - अध्यक्ष

(ग) समितिको अध्यक्षले मनोनित गरेको स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको निर्वाचित महिला सदस्य मध्येबाट १ जना - उपाध्यक्ष

(घ) संरक्षकबाट मनोनित स्वास्थ्य क्षेत्रमा क्रियाशिल महिलााहरु मध्येबाट १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था रहेको स्थानीय विद्यालयको प्रमुख/प्रधानाध्यापक मध्येबाट १ जना महिला - सदस्य

(च) स्थानीय व्यापार संघको प्रतिनिधि मध्येबाट १ जना - सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(ज) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछः

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाँउपालिकामा पेश गर्ने।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) सम्बन्धित स्वास्थ्य संस्थावाट प्रदान गरिनुपर्ने सेवाहरु नियमित सुचारु गर्न आवश्यक सहजिकरण गर्ने र समस्या समाधानका लागि पहल गर्ने ।

७. **बैंक खाता संचालनः** हरेक स्वास्थ्य संस्थाको वैंक खाता खोल्न सकिने छ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाँउपालिकाले तोके बमोजिम हुनेछ ।

परिच्छेदः ३
स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः**

(१) अस्पतालः गाँउपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाँउपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ।

(२) **आधारभुत अस्पताल, स्वास्थ्य चौकी, ग्रामीण सामुदायिक स्वास्थ्य इकाइः** गाँउपालिकाले प्रत्येक वडा वा जनसंख्याको अनुपातमा आवश्यक रहेमा बर्थिङ्ग सेन्टरसहित कम्तिमा देहायका पूर्वाधार पुरा गरी आधारभुत अस्पताल, स्वास्थ्य चौकी, सञ्चालन गर्न सकिनेछ ।आवश्यक रहेमा ग्रामीण सामुदायिक स्वास्थ्य इकाइ थप गरी सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्तिः

(१) **स्वास्थ्य चौकीमाः** अधिकृत हे.ई. समूह छैटौं तह १ जना, सहायकस्तर पाँचौं र चौथो तह हे.ई. समूहका २ जना, अ.न.मी. (अधिकृत छैटौ/सहायकस्तर पाँचौं र चौथो तह) २ जना, कार्यालय सहयोगी १ जना ।

(२) **आधारभुत अस्पतालः** मेडिकल अधिकृत २ जना, अधिकृत हे.ई. समूह छैटौं १ जना, सहायकस्तर (पाँचौं र चौथो हे.ई. समूहका ३ जना) स्टाफ नर्स/अ.न.मी. सहायकस्तर पाँचौं, चौथो, अधिकृत छैटौं १ जना समेत गरी ४ जना, ल्याब टेकेनिसियन १ जना, ल्याव असिस्टेण्ट १ जना, रेडियोग्राफर १ जना, कार्यालय सहयोगी २ जना, सुरक्षा गार्ड १ जना।

(३) **ग्रामीण सामुदायिक स्वास्थ्य इकाइः** सहायकस्तर पाँचौं वा चौथो हे.ई. समूहका १ जना, अ.न.मी.(सहायकस्तर पाँचौं वा चौथो) १ जना गरी जम्मा २ जना।

(४) बर्थिङ्ग सेन्टर स्थापना गरिएको स्वास्थ्य संस्थामा २४ सै घण्टा सेवा प्रदान गर्न कम्तीमा १ जना थप नर्सिङ कर्मचारीको ब्यवस्थापन गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थामा क्रमशः ल्याव सेवा सञ्चालन गरिने छ । ल्याव जनशक्तिको दरवन्दी नभएका स्वास्थ्य संस्थाहरुमा करार सेवा वा ज्यालादारीमा कर्मचारी ब्यवस्थापन गरिनेछ ।

(५) गाँउपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवद्र्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाँउपालिका आफैंले आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(क) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ख) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरणहरु ।

९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्नेः

(१) गाँउपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमति गाँउपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाँउपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गन सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँपालिकालाई सिफारिश गर्नेछ ।

(४) तोकिएको समय सीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सकिनेछ ।

(६) आशयपत्रमा उल्लेख गरिएको समय सिमाभित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

१०. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः गाँउपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः (क) पन्ध्र शैयामाः २ जना MBBS डाक्टर, कम्तिमा ३ जना स्टाफ नर्स, २ जना हे.अ. २ जना, अ.हे.ब. ३ जना, अ.न.मी.,१ जना, कम्तिमा २ जना ल्याव टेक्निसियन/ल्याव असिस्टेन्ट, १ जना रेडियोग्राफर र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने वार्ड, क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङको व्यवस्था भएको ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

११. पोलिक्लिनिक सञ्चालनको अनुमतिः

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ । मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा MBBS उतीर्ण गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ । अन्य सेवा सञ्चालन गर्नु परेमा छुटाछुटै सेवा सम्वन्धि निर्धारित पूर्वाधार, न्यूनतम भौतिक पूर्वाधार, तोकिएको औजार उपकरणको व्यवस्था हुनुपर्नेछ ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्था गाँउपालिकाले अधिग्रहण गर्न सक्नेः गँउपालिकाभित्र मापदण्ड पुर्याएर सञ्चालनमा रहेका सामुदायिक, निजी वा ट्रष्टबाट सञ्चालित स्वास्थ्य संस्था आवश्यक भएमा गाँउपालिका र सम्बन्धित संस्था दुवै पक्षको सहमतिमा निर्धारित शर्तहरुको अधिनमा रहने गरी गाँउपालिकाले अधिग्रहण गरी आफैले सञ्चालन गर्न सक्नेछ।

१२. **प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाँउपालिकाबाट स्वीकृती लिनु पर्नेछ।

(१) संचालकको विवरण र नेपाली नागरिकताको प्रमाणपत्र ।

(२) प्रयोगशाला वा ल्याबारेटोरी सञ्चालन गर्ने स्थान, जग्गा धनी प्रमाणपुर्जा, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौता पत्र ।

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको प्रतिवद्धता पत्र ।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(५) ल्याबमा प्रयोगहुने न्यूनतम उपकरणहरुको विवरण ।

(६) प्रस्तावित लागत ।

(७) सेवा शुल्कको विवरण ।

(८) प्रयोगशाला सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

१३. **फार्मेसी सञ्चालनको अनुमतिः**

(१) गाँउपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा गाँउपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नेपाली नागरिकता र हालको बसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिश साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ।

(५) फार्मेसी सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

१४. मापदण्ड पुरा नगरेमा सजाय हुनेः

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई ब्यवस्थापन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाँउपालिकामा सिफारिश गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालीमप्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउने, सञ्चालकलाई कालो सूचीमा राखी सोको जानकारी आम जनतालाई दिन सकिनेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउनेदेखि अनुमति खारेजसम्म गर्न सकिने छ ।

१५. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्टमार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिशमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

१६. गाउँपालिका क्षेत्रभित्र संञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले दिइने सेवाहरुको अधिकतम शुल्क गाँउपालिकाले निर्धारण गर्न सक्ने छ ।

१७. गाउँपालिका क्षेत्रभित्र संञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु सञ्चालन संघीय सरकार तथा बागमती प्रदेश सरकारले तोकिएको पछिल्लो स्वास्थ्य संस्था सञ्चालन सम्बन्धि मापदण्ड अनुसार हुनेछ ।

परिच्छेद - ४

स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवा सम्बन्धी व्यवस्था

१८. **स्वास्थ्यकर्मीको व्यवस्थापनः** गाँउपालिका भित्रका सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् ।

(१) **स्थायीः** नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु।

(२) **करारः** स्थानीय माग र विशिष्टताका आधारमा गाँउपालिकामार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) **अभ्यासकर्ताः** स्थानीयस्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाँउपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाँउपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु ।

१९. **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको ब्यबस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन स्वास्थ्य आमा समुहको सिफारिशमा महिलासामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम एस.ई.ई. वा सो सरह अध्ययन गरेको सम्वन्धित टोलमा नियमित बसोबास गर्ने त्यस वडाको विवाहित महिला हुनुपर्ने छ ।

(२) एउटा वडामा औषत प्रति ५०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविकाको नियूक्ति गर्न सक्ने छ ।

(३) प्रत्येक महिला स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १० दिनको तालीमप्रास गरेको हुनुपर्नेछ । गाँउपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार अभिमुखीकरण तालीम प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिलेदेखि नै कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरुमध्ये ६० बर्ष उमेर पुगेका वा शारीरिक रुपमा काम गर्न असक्षमलाई दीर्घ सेवाप्रमाण पत्र सहित

सम्मानजनक बिदाइ गरिने छ र नयाँ नियुक्ती गर्दा कम्तिमा SEE वा सो सरह उतीर्णलाई मात्र नियुक्ती दिइने छ ।

(५) महिला स्वास्थ्य स्वयं सेविकाको कार्यसम्पादन सन्तोषजनक भए नभएको मुल्याङ्गन गर्ने जिम्मवारी सम्बन्धित वडाको स्वास्थ्य संस्थाको हुनेछ । कार्यसम्पादन सन्तोषजनक नभएमा नयाँ महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका सम्बन्धित स्वास्थ्य आमा समुहले छनौट गर्नेछ । स्वास्थ्य संस्थाको सिफारिशमा गाउँपालिकाले निजलाई हटाई रिक्त स्थानमा नयाँ स्वयंसेविका नियुक्ती गर्न सक्नेछ ।

(६) नेपाल सरकार र नेपाल सरकारको मान्यता प्राप्त संघ, संस्थान, समिति, बोर्ड, आयोग लगायत सोही प्रकृतिका अन्य निकायमा कार्यरत कमचारी महिला स्वास्थ्य स्वयंसेविका भई कामकाज गर्नको लागि उमेदवार हुन पाउने छैनन् ।

(७) यस ऐन लागु हुनु अघि नेपाल सरकार र नेपाल सरकारको मान्यता प्राप्त संघ, संस्थान, बोर्ड, समिति, आयोग लगायत सोही प्रकृतिका अन्य निकायमा कार्यरत कर्मचारी महिला स्वास्थ्य स्वयं सेविका भई कामकाज गरेमा त्यस्तो दोहोरो सेवा लिने महिला स्वास्थ्य स्वयं सेविका हटाई नयाँ नियुक्ती गरिने छ ।

२०. **स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सररकारले तोकेको स्केल वमोजिम तलब भत्ता र स्थानीय गाँउकार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधाहरु ।

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौंता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) स्वयंसेविकाः पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

(५) स्वास्थ्यकर्मी तथा स्वयम् सेविकालाई थप प्रोत्साहन भत्ता गाउँपालिकाले व्यवस्था गर्न सक्नेछ ।

(६) स्वास्थ्य प्राबिधिक कर्मचारीहरुलाई जोखिम भता, लगायत जोखिमयुक्त कार्यका लागि तोकिए बमोजिम भताको व्यवस्था गर्न सकिने छ ।

(७) करार सेवाका कर्मचारीहरुलाई स्थायी कर्मचारी सो सरह नै कर्मचारी संचय कोष र नागरिक लगानी कोष तथा सावधिक जीवन बिमाको सेवा सुविधा गाउँपालिकाले थप प्रदान गर्न सक्नेछ ।

२१. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाँउकार्यपालिकाले निर्धारण गर्न सक्नेछ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् ।समायोजन, लोक सेवा आयोगको प्रक्रिया वा अन्यत्रबाट यस गाँउपालिका अन्तर्गत स्वास्थ्यकर्मीहरु सरुवा भई आएमा ती स्वास्थ्यकर्मीहरुको पदस्थापना स्वास्थ्य शाखा प्रमुखको सिफारिशमा गरिनेछ । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा लोक सेवा आयोग वा सरुवा भइ स्थायी कर्मचारी आउने संभावना नभएमा करार सेवामा देहाय बमोजिमको छनौट समितिबाट करार नियुक्ति गर्न सकिनेछ ।

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत	- संयोजक
(ख) गाउँपालिकाको प्रशासन शाखा प्रमुख	- सदस्य
(ग) गाँउकार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतीर्ण १ जना विषय विज्ञ	- सदस्य
(घ) गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुख	- सदस्य सचिव

(३) छनौट समितिले आफ्नो कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **कर्मचारी सरुवा, बढुवा,काज र विदाः**

(१) स्थायी स्वास्थ्यकर्मीका हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम २ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्ने छ । विशेष परिस्थिति बाहेक न्यूनतम १ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाँउपालिकामा सरुवाका लागि निवेदन

दिन सक्नेछन । यसरी प्राप्त निवेदनका आधारमा गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिशमा आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा गाँउपालिकाले सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(४) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि गाँउपालिकाले स्वास्थ्य शाखाको सिफारिशमा स्वास्थ्यकर्मीहरु (स्थायी, करार, ज्यालादारी आदि) लाई आवश्यकता अनुसार गाँउपालिका क्षेत्र भित्रका दफा ३ (क) बमोजिमका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(५) कर्मचारीहरुले विदा वस्नु परेमा स्वीकृत गराएर मात्र विदा वस्नु पर्ने छ । स्वास्थ्यका कर्मचारीहरुको विदाको स्वीकृति स्वास्थ्य शाखा प्रमुखको सिफारिशमा गरिनेछ । कर्मचारीहरुको विदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) कर्मचारीको बढुवा तथा तह वृद्धि पछिल्लो नेपाल स्वास्थ्य सेवा ऐन,नियमावली र बागमती प्रदेश स्वास्थ्य ऐन,नियमावली अनुसार हुनेछ ।

२३. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाँउपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता प्रत्येक आ.व.मा ६/६ महिनाको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई ब्यवस्थापन, अनुगमन समितिले तयार पारी गाँउकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२४. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर

नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिने छ । साथै स्वास्थ्य शाखा प्रमुखले आफनो मातहतका स्वास्थ्यकर्मीहरुको सुपरिवेक्षक भै कार्य सम्पादन मूल्यांकन गर्नेछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाँउकार्यपालिकाले तोके बमोजिम हुनेछ।

परिच्छेद - ५

औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२५. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

२६. औषधी तथा स्वास्थ्य उपकरण खरिदः

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाँउपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावली र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

२७. औषधी तथा स्वाथ्य उपकरणको भण्डारणः

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणका सुरक्षित भण्डारणको ब्यवस्था गाँउपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद वार्षिक रुपमा गर्नुपर्ने छ ।

(३) गाँउपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिले १५ दिनभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाँउपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाँउपालिकामा बुझाउनु पर्नेछ ।

परिच्छेद - ६

स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२८. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः

(१) गाँउपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य तथा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

२९. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः

(१) गाँउपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकत अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(३) नेपाल सरकारले तय गरेको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ साथै आवश्यक स्रोत साधनको आधारमा निःशुल्क वितरण गर्ने औषधीको व्यवस्था थप गरिनेछ।

३०. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमनः

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु,जल,स्थलतथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिश गर्न सक्ने छ ।

(३) सिफारिश वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

परिच्छेद - ७

महामारी रोकथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

३१. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाँउपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३२. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्नेः

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाँउपालिकाले सोको प्रभाव क्षेत्र निक्यौंल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) गाँउपालिका स्तर र वडा स्तरमा महामारी नियन्त्रणको लागि द्रुत प्रति कार्य समूह गठन गर्नुपर्ने छ ।

३३. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाँउपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरीभित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाँउपालिकाले कारवाही गर्न सक्नेछ ।

३४. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापनः

(१) गाँउपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सवै घरपरिवारसम्म वितरण गर्ने छन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुरयाउने परिवारले तिर्नुपर्ने छ।

(५) गाँउपालिका क्षेत्रमा निस्काशित फोहरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

(६) सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहोर मैला ब्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तथा नीति तोकिए वमोजिम हुनेछ ।

परिच्छेद - ८
विविध

३५. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः

(१) संघ र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाँउपालिकाबाट सिफारिश लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिश लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३६. संघ तथा प्रादेशिक अभियानलाई सघाउ पुर्‍याउनु पर्नेः स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३७. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

३८. गाँउपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाँउपालिका स्वास्थ्य तथा सरसफाई शाखा समक्ष बझ्ाउनु पर्नेछ।

३९. गाँउपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

४०. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

४१. **नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाँउकार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ।

४२. **संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँपालिकाले गर्न सक्नेछ ।

४३. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

४४. **बचाउ र खारेजः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) अन्य ऐनसँग यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदमा स्वतः निस्क्रीय हुनेछ ।

आज्ञाले,
बद्रिनाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत